नेपाल सरकार

# भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

# सडक विभाग

फ्याक्स : ४२६२९९३
फोन : ४२६२६९३

बबरमहल,
काठमाडौं, नेपाल

ई-मेल : dgdor@dor.gov.np


पत्र संख्या : ०७०/७१
चलानी नम्बर : २८२

मिति : २०७०/७/५

विषय : आचार संहिता सम्बन्धमा ।

श्री सडक विभाग, वैदेशिक महाशाखा, बबरमहल ।
श्री सडक विभाग, योजना तथा डिजाइन महाशाखा, बबरमहल ।
श्री सडक विभाग, सम्भार महाशाखा, बबरमहल ।
श्री सडक विभाग, यान्त्रिक महाशाखा, बबरमहल ।
श्री सडक विभाग, आयोजना निर्देशनालय (ए.डी.बी.), विशालनगर ।
श्री सडक विभाग, पुल आयोजना, बबरमहल ।
श्री सडक विभाग, सम्पत्ति व्यवस्थापन, ठेक्का व्यवस्थापन तथा गुणस्तर नियन्त्रण आयोजना, बबरमहल ।
श्री सडक विभाग, हुलाकी राजमार्ग आयोजना, बबरमहल ।
श्री सडक विभाग, सडक सुधार आयोजना, बबरमहल ।
श्री क्षेत्रीय सडक निर्देशनालय, दमक/बबरमहल/पोखरा/सुर्खेत/दिपायल ।
श्री केन्द्रीय सडक प्रयोगशाला, पाटनढोका ।
श्री सडक विभाग, प्रशासन शाखा, बबरमहल ।
श्री सडक विभाग, आर्थिक प्रशासन शाखा, बबरमहल ।
श्री सडक विभाग, कानून शाखा, बबरमहल ।

निर्वाचन आयोगको च.नं. २४३ मिति २०७०।६।१६ गतेको आचार संहिता सम्बन्धी पत्र र पत्रसाथ जारी गरिएको सामान्य निर्देशन संलग्न छ । सो अनुसार काम गर्नु गराउनु हुन यस विभाग र अन्तर्गतका सबै निकाय तथा कार्यरत कर्मचारीहरुमा अनुरोध छ ।

०७०।७।५.
(ज्ञानराज सुवेदी)
मुख्य प्रशासकीय अधिकृत

श्रीमान्,
यो पत्र तथा आचार संहिता सम्बन्धमा निर्वाचन आयोगको सामान्य निर्देशन यस विभागको website मा प्रकाशन गर्न स्वीकृती हुन पेश गरेको छु।
०७०।७।५.
(प्र.प्र.अ.)

७६/८ पत्र सहित पठाउनु
७।५

**निर्वाचन आयोग, नेपाल**
**ELECTION COMMISSION, NEPAL**

प.सं. च.नं./Ref: २४३ | मिति: २०७०।०६।१६

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाण्डौ ।

**विषय : आचार संहिता सम्बन्धमा ।**

आगामी मंसिर ४ गते हुने संविधान सभा सदस्यको निर्वाचनको सिलसिलामा संविधान सभा सदस्य निर्वाचन आचार संहिता, २०७० निर्वाचन आयोगले मिति २०७०।४।७ गतेदेखि लागू हुने गरी मिति २०७०।३।२६ मा स्वीकृत गरेको छ । संविधान सभा सदस्य निर्वाचन आचार संहिता, २०७० को दफा ७० मा "निर्वाचन कार्यक्रम प्रकाशन भएपछि निर्वाचन समाप्त नभएसम्म मुलुकको प्रतिनिधित्व गरी विदेश भ्रमणमा जानुपर्ने सरकारी प्रतिनिधि वा प्रतिनिधि मण्डल वाहेक अन्य कुनै पनि प्रयोजनको लागि नेपाल सरकार, नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका संस्था र स्थानीय निकायको तर्फबाट विदेश भ्रमणमा जानु हुदैन" भन्ने प्रावधान रहेको र संविधान सभा सदस्य निर्वाचन आचार संहिता, २०७० कार्यान्वयनका सम्बन्धमा सामान्य निर्देशनको बुँदा ८ मा "नेपाल सरकारको निर्णय बमोजिम लामो (Academic) अध्ययन विदामा जाने र आयोगको निर्णय बमोजिम समानुपातिक निर्वाचन प्रणाली अन्तर्गतको कार्यक्रम आयोगमा टाँस हुने मितिदेखि निर्वाचन समाप्त नभएसम्म मुलुकलाई प्रतिनिधित्व गर्न गरी विदेश भ्रमणमा जाने सरकारी प्रतिनिधी मण्डल बाहेक अन्य प्रयोजनको लागि विदेश भ्रमणमा नपठाउने" भन्ने व्यवस्था रहेको हुँदा नेपाल सरकार, नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका संस्था र स्थानीय निकायको तर्फबाट विदेश भ्रमणमा जाने सम्वन्धमा सोही बमोजिम गर्न गराउन नेपाल सरकारका सबै मन्त्रालयहरुमा पत्राचार गर्ने भनी मिति २०७०।६।१४ मा आचार संहिता समितिबाट निर्णय भएको हुँदा सो अनुरुप गर्नु गराउनुहुन निर्णयानुसार अनुरोध छ । आचारसंहिता र सामान्य निर्देशन यसै साथ संलग्न छ ।

(मुना भट्टराई)
शाखा अधिकृत

# संविधान सभा सदस्य निर्वाचन आचार संहिता, २०७० कार्यान्वयनका सम्बन्धमा

## जारी सामान्य निर्देशन

नेपाल सरकारको निर्णय बमोजिम २०७० साल मंसिर ४ गते हुने संविधान सभा सदस्यको निर्वाचनको सिलसिलामा संविधान सभा सदस्य निर्वाचन आचार संहिता, २०७० निर्वाचन आयोगले मिति २०७०।४।७ गतेदेखि लागू हुनेगरी मिति २०७०।३।२६ मा स्वीकृत गरेको छ । उक्त निर्वाचन आचार संहिताको नीतिगत व्यवस्था र कार्यान्वयन स्थितिको अनुगमन समेतका लागि निर्वाचन आयोगको निर्णय बमोजिम माननीय निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवको संयोजकत्वमा सचिव निर्वाचन आयोग, सचिव कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय, सचिव (कानून) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सचिव नेपाल कानून आयोग, नायब महान्यायाधिवक्ता महान्यायाधिवक्ताको कार्यालय सदस्यहरु र सह सचिव निर्वाचन आयोग कानून तथा राजनीतिक दल सम्बन्ध महाशाखा सदस्य सचिव भएको एक आचार संहिता समिति र उक्त निर्वाचन आचार संहिता कार्यान्वयनको लागि निर्वाचन आयोगका उपन्यायाधिवक्ताको संयोजकत्वमा निर्वाचन आचार संहिता कार्यान्वयन तथा उजूरी व्यवस्थापन एकाई रहेको छ ।

निर्वाचन आचार संहिता समितिका संयोजक, सदस्यहरु र सदस्य सचिव समेत विभिन्न महत्वपूर्ण पदमा र फरक फरक निकायमा कार्यरत रहेको र समितिको वैठक नियमितरुपमा गर्नको लागि समयाभाव समेतका कारण समितिको बैठक बस्न नसक्ने हुँदा हाललाई संविधान सभा सदस्य निर्वाचन आचार संहिता, २०७० कार्यान्वयनका सम्बन्धमा सामान्य निर्देशन जारी गर्न आवश्यक भएकोले यो निर्देशिका जारी गरिएको छ ।

आचार संहिता कार्यान्वयनका सन्दर्भमा देहायका विषयमा देहाय बमोजिम गर्ने :

१. आचार संहिता कार्यान्वयनका सन्दर्भमा विभिन्न विषयमा आयोगको सहमति माग गरी आउने पत्र सम्बन्धित मन्त्रालय वा आयोग वा सचिवालयका सचिव मार्फत मात्र पठाउने व्यवस्था मिलाउनको लागि पत्राचार गर्ने ।

२. पदपूर्तिका निम्ति आचार संहिता लागू हुनुपूर्व प्रकाशित विज्ञापन र कार्यक्रम अनुसार लिखित वा मौखिक परीक्षा सञ्चालन गर्ने तर नतिजा प्रकाशन नगर्ने साथै लिखित वा मौखिक परीक्षा सञ्चालन भैसकेकोमा पनि सोको नतिजा प्रकाशन नगर्ने ।
   तर लोक सेवा आयोग र न्याय सेवा आयोगद्वारा नियमितरुपमा गरिने विज्ञापन एवं परीक्षा सञ्चालनको सम्बन्धमा यो व्यवस्था लागू हुने छैन ।

३. करारमा नियुक्त गरेका कर्मचारीहरुलाई निरन्तरता दिने । हाललाई नयाँ करार नियुक्तिको अनुमति प्रदान नगर्ने । संगठन तथा व्यवस्थापन सर्भेक्षण प्रतिवेदन स्वीकृत भए बमोजिम करारमा नियुक्तिको लागि अनुमति माग भई आएमा औचित्य हेरी सहमति दिन सकिने ।

४. आचार संहिता लागू हुनुपूर्व सरुवा भएका कर्मचारीहरुलाई रमाना दिने ।

५. सुरक्षा लगायत अत्यावश्यक सेवा सञ्चालनका लागि नियुक्तिको माग भै आएमा औचित्य हेरी अनुमति दिन सकिने ।

६. समय सीमा भित्रै नियुक्ति लिनु पर्ने बैकल्पिक उम्मेदवारहरुका सन्दर्भमा लोक सेवा आयोगले नियुक्तिका लागि सिफारिस गरेमा सम्बन्धित निकायलाई नियुक्तिको सहमति दिने र अन्य निकायको हकमा पनि सोही बमोजिम गर्ने ।

७. आचार संहिता लागू हुनुपूर्व बढुवा नियुक्तिको लागि सिफारिस भैसकेकालाई र उजुरीको क्रममा नामावली संशोधन भएकोलाई समेत बढुवा नियुक्तिको माग भएमा रिक्त पदमा स्वीकृति दिने र अदालतको आदेशले बढुवा, नियुक्ति र पुनर्वहाली हुनेमा सोको स्वीकृति दिने ।

८. नेपाल सरकारको निर्णय बमोजिम लामो (Academic) अध्ययन विदामा जाने र आयोगको निर्णय बमोजिम समानुपातिक निर्वाचन प्रणाली अन्तर्गतको कार्यक्रम आयोगमा टाँस हुने मितिदेखि निर्वाचन समाप्त नभएसम्म मुलुकलाई प्रतिनिधित्व गर्ने गरी विदेश भ्रमणमा जाने सरकारी प्रतिनिधिमण्डल बाहेक अन्य प्रयोजनको लागि विदेश भ्रमणमा नपठाउने ।

९. नेपाल सरकारबाट व्यक्त प्रतिवद्धता अनुरुप संयुक्त राष्ट्र संघ अन्तर्गत विभिन्न मिशनहरुमा शान्ति स्थापनार्थ खटिने सुरक्षा निकायका टोली खटाउनु पर्नेमा सोको स्वीकृति दिने ।

१०. निजामति सेवा ऐन, २०४९ को दफा २४(घ)(१)ख अनुसार हुनु पर्ने विशेष वढुवाका विषयहरुमा सहमति माग भै आएमा यस विषयमा स्वीकृति लिनु नपर्ने गरी एकमुष्ट स्वीकृति प्रदान गर्ने र यस सम्वन्धमा नेपाल सरकारका सवै निकायहरुलाई परिपत्र गर्न सामान्य प्रशासन मन्त्रालयलाई लेखी पठाउने ।

११. नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्वमा रहेका सार्वजनिक संस्थानहरुवाट रिक्त पद पूर्तिको लागि सहमति माग भई आएमा देहाय बमोजिम गर्ने ।

(क) कार्यक्षमताको मूल्यांकनबाट हुने वढुवाका विषयहरुमा सहमति माग भइआएमा सहमति प्रदान गर्ने ।

(ख) आन्तरिक प्रतियोगितात्मक परिक्षाद्वारा पदपूर्ति गर्ने पदहरुको लागि परिक्षा संचालन गर्ने तर नतीजा प्रकाशित नगर्ने ।

(ग) खुला प्रतियोगितात्मक विज्ञापन प्रकाशन एवं परिक्षा संचालन, लिखित परीक्षा लिएको भए नतिजा प्रकाशन लगायतका कार्यक्रमहरु नगर्ने ।

(घ) लिखित परिक्षाको परिणाम प्रकाशित भइसकेको तर अन्तरवार्ताको परिणाम प्रकाशित भइनसकेको अवस्थामा अन्तरवार्ता लिई अन्तरवार्ताको परिणाम प्रकाशित नगर्ने ।

(ङ) अन्तरवार्ताको कार्यक्रम निर्धारण भएको अवस्थामा अन्तरवार्ता लिई परिणाम प्रकाशित नगर्ने ।

१२. सरुवाको सम्वन्धमा अत्यावश्यक सेवा प्रवाह गर्ने काममा कुनै कर्मचारीलाई नखटाएमा सेवा प्रवाहमा प्रतिकूल असर पर्ने भएमा त्यसको स्पष्ट कारण खोली अनुमति माग भइआएमा परिस्थिति र औचित्य विचार गरी आचार संहिता समितिका संयोजक माननीय आयुक्तज्यूको अनुमति लिएर स्वीकृति प्रदान गर्ने ।

१३. विद्यालय व्यवस्थापन समिति गठन गर्न हाललाई सहमति नदिने ।

१४. शिक्षक अनुमतिपत्रको लागि लिइने परीक्षा सञ्चालन गर्न दिने तर परिणाम प्रकाशित नगर्ने ।

१५. शिक्षक सेवा आयोगबाट रिक्त पद पूर्तिको लागि सहमति माग भई आएमा देहाय बमोजिम गर्ने ।

(क) कार्यक्षमताको मूल्यांकनबाट हुने वढुवाका विषयहरुमा सहमति माग भइआएमा सहमति प्रदान गर्ने ।

(ख) आन्तरिक प्रतियोगितात्मक परिक्षाद्वारा पदपूर्ति गर्ने पदहरुको लागि परिक्षा संचालन गर्ने तर नतीजा प्रकाशित नगर्ने ।

(ग) खुला प्रतियोगितात्मक विज्ञापन प्रकाशन एवं परिक्षा संचालन, लिखित परीक्षा लिएको भए नतिजा प्रकाशन लगायतका कार्यक्रमहरु नगर्ने ।

(घ) लिखित परिक्षाको परिणाम प्रकाशित भइसकेको तर अन्तरवार्ताको परिणाम प्रकाशित भइनसकेको अवस्थामा अन्तरवार्ता लिई अन्तरवार्ताको परिणाम प्रकाशित नगर्ने ।

(ङ) अन्तरवार्ताको कार्यक्रम निर्धारण भएको अवस्थामा अन्तरवार्ता लिई परिणाम प्रकाशित नगर्ने ।

१६. प्रतिविद्यार्थी कोष (Per Child Fund - PCF), राहत कोटा लगायतका शिक्षक भर्ना कार्य नगर्ने ।

१७. अत्यावश्यक अवस्था आइपरी विशेष किसिमको निर्णय गर्नु परेमा आचार संहिता कार्यान्वयन तथा अनुगमन समितिका संयोजक माननीय आयुक्तज्यू समक्ष पेश गरी आदेश भए बमोजिम गर्ने ।

१८. माथि उल्लेख गरे वाहेकका अन्य विषयहरुमा सचिवालयले आचार संहिता कार्यान्वयन तथा अनुगमन समितिका संयोजक माननीय निर्वाचन आयुक्तज्यूको सामान्य निर्देशनमा रही कार्य सम्पादन गर्ने ।

१९. आयोगले समय समयमा दिएको निर्देशन बमोजिमको कार्य गर्ने ।